## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः २९ मितिः २०७९/०७/०५

**भाग-२**

**गण्डकी गाउँपालिका**

गण्डकी गाउँपालिकामा रहेका गरिव विपन्न, असहायहरू, विभिन्न रोगबाट पिडित तथा ग्रसित दीर्घरोगी , दुर्घटना परेको, शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु, बन्यजन्तुबाट पिडित व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवथापन गर्न गण्डकी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गण्डकी गाउँपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७९

आज्ञाले,

रिजेश उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत

# गण्डकी गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावनाः- यस गण्डकी गाउँपालिकामा रहेका गरिव विपन्न, असहायहरू, विभिन्न रोगबाट पिडित तथा ग्रसित दीर्घरोगी , दुर्घटना परेको, शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु, बन्यजन्तुबाट पिडित व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवथापन गर्न गण्डकी गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गण्डकी गाउँपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७९ बनाई गाउँ कार्यपालिकाको बैठकबाट पारित गरि जारी गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम "गण्डकी गाउँपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि २०७९" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मिति देखि लागु हुनेछ ।

२.परिभाषा

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,
(क ) ऐन " भन्नाले स्थानीय सरकार ऐन २०७४ लाइ सम्झनुपर्छ ।

(ख)। गाउँपालिका" भन्नाले गण्डकी गाउँपालिकालाइ सम्झनु पर्दछ ।

(ग) कार्यपालिका" भन्नाले गण्डकी गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(घ)" कार्यालय" भन्नाले गाउँपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) आर्थिक सहायता भन्नाले गण्डकी गाउँपालिकाबाट प्रदान गरिने आर्थिक सहयोग लाइ सम्झनु पर्दछ ।

## परिच्छेद -२
## आर्थिक सहायता सम्बन्धि मापदण्ड

३. गण्डकी गाउँपालिकाले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(१) दुर्घटना : गाउँपालिकावासी कुनै ठुलो दुर्घटनामा परि अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको तर गरिबी र विपन्नताका कारण पारिवारीक आर्थिक स्रोत नभएको अवस्थामा निजलाई अवस्था हेरी एक पटकमा ५ हजार देखि १० हजारसम्म उपलब्ध गराउन सकिने छ ।

(२) दीर्घरोगी : गाउँपालिकावासीहरु मध्ये दिर्घरोग (किड्नी फैल तथा डाईलोसिस गर्ने अवस्था, मुटुको उपचार, मृगौला रोग,क्यान्सर, पार्किन्सन्स, अल्जाईमर, स्पाईलन ईनजुरी र सिकलसेल एनिमिया आदि) लागेको अवस्था भएको तर गरिबी र विपन्नताको कारण पारिवारिक आर्थिक स्रोत नभएकाले उपचार गराउन नसकी समस्यामा परेको व्यक्तीलाई अवस्था हेरी एक पटकमा ५ हजार देखि १० हजार सम्म उपलब्ध गराउने |

(३) असाहय : यस गाउँपालिकामा बसोबास गर्ने कुनै व्यक्तीको एकघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई वेवारिशे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, आर्थिक उपार्जन तथा काम गरि खान नसक्ने अवस्था भएको गाउँपालिकावासीले सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु ५ सय देखि २ हजार सम्म सहायता दिन सकिने छ ।

(४) भवितव्य प्राकृतिक प्रकोप तथा बन्यजन्तुले घर, गोठ ,घरपालुवा जनवार र बालिनालीमा क्षति पुर्याएमा स्थानीय सर्जमिन, प्रहरी मुचुल्का, एवं वडा कार्यालयको सिफारिसका आधारमा बढीमा रु. १०,०००/- (दश हजार रुपैया) सम्म प्रदान गर्न सकिनेछ ।यस बाहेक भवितव्य प्राकृतिक प्रकोपलेनै कुनै अकल्पनीय, गम्भीर तथा जटिल प्रकारका क्षतीभई यस दफामा उल्लेखित भन्दा थप आर्थिक सहायता गर्नुपर्ने अवस्था सिर्जना भएमा कार्यपालिका बैठकमा पेश गरी थप आबश्यक आर्थिक सहायताको लागी सिफारिस गर्न सकिनेछ ।

(५) यस कार्यविधिको दफा ३(१) र (२) बमोजिमको सहायताको लागी सरकारी अस्पतालका चिकित्सकको सिफारिस अनिवार्य हुनेछ र दफा ३ (३) बमोजिमको सहायता गण्डकी गाउँपालिकाको हकमा गाउँपालिका प्रमुख र वडा कार्यालयको हकमा वडा अध्यक्षको सिफारिसमा गाउँपालिका बाट उपलब्ध गराइने छ ।

(६) कार्यविधिको दफा ३(४) बमोजिम उपलब्ध हुने आर्थिक सहायताको सिफारिस गर्दा सम्बन्धित वडा अध्यक्षले पिडित व्यक्तिले अन्यत्र कुनै सरकारी निकायबाट सहायता नलिएको वा सहायता प्राप्त गर्ने सम्भावना नरहेको अवस्थामा मात्र सिफारिस गर्नुपर्नेछ ।

(७)संघ संगठनः यस गाउँपालिकामा स्थापना भएका, दर्ता भएका, सुचिकृत भएका र गाउँपालिकाको क्षेत्रको हित अनुकुल हुने गरि संजाल र महासंघ प्रकृतिका संघ संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा गाउँपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गरि सहकार्य गरिने छ | उक्त कार्यक्रम जिल्ला तथा पालिकाको पर्यटन प्रवर्दन ,पालिकाको विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ । क्लब तथा संघ संस्थाहरुको बार्षिक साधारण सभा, वार्षिक नियमित कार्यमा सहयोग प्रदान हुने छैन |

८.१ वडा, पालिका र जिल्ला स्तर कार्यक्रम :

(क) पालिका स्तरका संघ / संस्थाले आयोजना गरेको कार्यक्रममा एक पटक रु ५ हजार देखि १० हजार सम्म वडाको सिफारिसमा उपलब्ध गराउने |

(ख) जिल्ला स्तर संघ / संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु १० हजार देखि २५ हजार सम्म पालिकाको योजना शाखाको सिफारिसमा

८.२ प्रदेश र केन्द्रस्तर कार्यक्रम :

(क) प्रदेश स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटक रु २५ हजार देखि ५० हजार सम्म |

## परिच्छेद -३
## आर्थिक सहायता भुक्तानी प्रक्रिया

९. भुक्तानी प्रकिया : गाउँपालिका प्रमुखको तोक आदेशमा आर्थिक सहायताको भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ।

(१) व्यक्तिगत आर्थिक सहायता सम्बन्धी भुक्तानी राहत तथा उद्धार तथा पुनस्थापना खर्च शिर्षकबाट गरिनेछ ।

(२) संघ संस्था लाई सहायता सम्बन्धी भुक्तानी संघ संस्था सहायता शिर्षकबाट गरिनेछ ।

(३) मानवीय सहायताः दफा ३ को उपदफा (१)(२॥३) बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय बमोजिम हुनेछ ।

(क) निवेदन, नागरिकता, आवश्यकता अनुसार वडा कार्यालयको सिफारीस |

(ख) उपचारको हकमा अस्पतालको अधिकारिक चिकित्सकको सिफारिस पत्र भएको हुनुपर्नेछ ।

(४) संघ / संगठनको हकमा अधिकारिक पत्र भएको हुनुपर्ने छ ।

(५) सहायता रकम चेक मार्फत उपलब्ध गराउनु पर्नेछ तर संघ / संगठनको हकमा AC / Payee मार्फत भुक्तानी हुनेछ ।

(६) गाउँ सभाले बिनियोजन गरेको बजेटको परिधि भित्र रही एक व्यक्ती, संघ संगठनलाई एक वर्षमा १ पटक भन्दा बढी आर्थिक सहयोग गरिने छैन |

आज्ञाले

रिजेश उपरकोटी

प्रमुख प्रशासकीय अधिकृत